फेदीखोला गाउँपालिका

# स्थानीय राजपत्र

गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

❐खण्ड ४ ❐संख्या १२ ❐२०७७/०७/१२

गाउँ कार्यपालिकाबाट स्वीकृत : २०७७/०७/०५

प्रमाणिकरण : २०७७/०७/०६

## भाग २

# संघ संस्था दर्ता नियमावली, २०७७

फेदीखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, स्याङ्जा

फेदीखोला गाउँपालिका स्याङ्जा

यस फेदीखोला गाउँपालिकाले जारी गरेको संघ संस्था दर्ता सम्बन्धी ऐन, २०७४ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी फेदीखोला गाउँ कार्यपालिकाको मिति २०७७/०७/०५ गते बसेको बैठकले देहायका नियमहरु बनाएको छ :-

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(१) यी नियमहरुको नाम "संघ संस्था दर्ता नियमावली, २०७७" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा ऐन भन्नाले फेदीखोला गाउँपालिकाको संघ संस्था दर्ता सम्बन्धी ऐन, २०७४ सम्झनुपर्छ ।

क) "**स्थानीय अधिकारी"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

**३. दर्ताको लागि निवेदन** : ऐन बमोजिम संघ संस्था दर्ता गर्न चाहने व्यक्तिहरुले एक हजार रूपैया दस्तुर सहित स्थानीय अधिकारी समक्ष अनुसूची-१ मा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

**४. संस्थाको दर्ता र प्रमाण-पत्र** : नियम ३ बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी संघ संस्था दर्ता गर्न उचित ठानेमा निजले अनुसूची-२ बमोजिमको दर्ता कितावमा संस्था दर्ता गर्नु पर्नेछ र त्यसरी संस्था दर्ता गरी सकेपछि अनुसूची-३ बमोजिमको दर्ताको प्रमाण-पत्र दिनेछ ।

**५. दर्ताको अवधि, नवीकरण र दस्तुर** :

(१) नियम ४ बमोजिम दिएको दर्ताको प्रमाण-पत्र एक आर्थिक वर्षसम्म वहाल रहनेछ ।

(२) उपनियम (१) बमोजिम संस्थाको दर्ता वहाल रहने अवधि समाप्त भएको मितिले तीन महिनाभित्र सम्बन्धित व्यक्तिले स्थानीय अधिकारीबाट एक हजार रूपैंया दस्तुर तिरी दर्ताको प्रमाण-पत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिव कारण देखाई दर्ताको प्रमाण-पत्र नवीकरणको लागि निवेदन दिन आएमा स्थानीय अधिकारीले उपनियम (२) बमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर लिई नवीकरण गरी दिन सक्नेछ :-

(क) उपनियम (२) बमोजिमको म्याद नाघेपछि तीन महिनाको लागि रु. १००।-

(ख) खण्ड (क) को म्याद नाघेपछि आषाढ मसान्त सम्मको लागि रु. २५०।-

(ग) खण्ड (ख) को म्याद नाघेपछि अर्को एक आर्थिक वर्षको लागि रु. १०००।- को दरले दुई आर्थिक वर्षको लागि रु. २,०००।-

(घ) माथि जुनसुकै कुरा लेखिएको भएतापनि अशक्त, अपाङ्ग, जेष्ठ नागरिकहरुको हित रक्षा गर्ने उद्धेश्यले खोलिएको संघ संस्थाको हकमा गाउँपालिकाले शुल्क मिनाह गर्न सक्नेछ ।

(४) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि म्यादभित्र नवीकरण नगराएका संस्थाहरुले दर्ताको प्रमाणपत्र नवीकरण हुन नसकेको मनासिव कारण देखाई संघ संस्था नवीकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि लाग्ने नवीकरण दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक वर्षको लागि एक हजार रूपैंयाका दरले थप जरिबाना समेत लिई स्थानीय अधिकारीले त्यस्तो दर्ताको प्रमाण-पत्र नवीकरण गरिदिन सक्नेछ ।

(५) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संस्थाले बढीमा पाँच वर्षसम्मको लागि एकै पटक दर्ताको प्रमाण-पत्र नवीकरण गर्न निवेदन दिन आएमा स्थानीय अधिकारीले त्यस्तो संघ संस्थाले गरी आएको कामको प्रकृति र अवस्था हेरी प्रत्येक वर्षको लागि एक सय रूपैंया दस्तुर लिई एकै पटक पाँच वर्षसम्मको लागि दर्ताको प्रमाण-पत्र नवीकरण गरिदिन सक्नेछ ।

(६) दर्ताको प्रमाण-पत्र नवीकरण गर्ने संघ संस्थाले निवेदन दिँदा कार्य समितिका पदाधिकारीहरुको नामावली संलग्न गर्नु पर्नेछ ।

(७) उपनियम (३) र (५) बमोजिम दर्ताको प्रमाण-पत्र नवीकरण गरेको जानकारी स्थानीय अधिकारीले नेपाल सरकारका सम्बन्धित निकायलाई दिनु पर्नेछ ।

## अनुसूची – १
### (नियम ३ सँग सम्बन्धित)
### निवेदन पत्रको ढाँचा

श्री स्थानीय अधिकारी,

.................. कार्यालय ।

महोदय,

हामीले ............................. सम्बन्धी संस्था खोल्न चाहेकोले फेदीखोला गाउँपालिकाको संघ संस्था दर्ता ऐन, २०७४ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं । प्रस्तावित संस्थाको विधानको एकप्रति पनि यसैसाथ संलग्न गरिएको छ ।

विवरण

१. संस्थाको नाम :-

२. संस्थाको उद्देश्यहरु :-
(क)
(ख)
(ग)
३. प्रबन्ध समितिका सदस्यहरुको

| नाम | ठेगाना | पेशा |
|---|---|---|
| (क) | | |
| (ख) | | |
| (ग) | | |

४. आर्थिक स्रोत :-
५. कार्यालयको ठेगाना :-                                   मिति :-
पदाधिकारीहरुको नामः                                   भवदीय,

## अनुसूची-२
## (नियम ४ सँग सम्बन्धित)
## संस्था दर्ता कितावको ढाँचा

| संस्थाको दर्ता किताव दर्ता नं. | दर्ता मिति | | | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य | संस्थाको पदाधिकारी एवं सदस्यहरुको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | | | |
| | | | | | | | |

**अनुसूची-३**
**(नियम ४ सँग सम्बन्धित)**
**प्रमाण-पत्रको ढाँचा**
**संस्था दर्ताको प्रमाण-पत्र**

श्री अध्यक्ष/सचिव

............................ ।

................................ (संस्थाको नाम) फेदीखोला गाउँपालिका संस्था दर्ता ऐन, २०७४ को दफा ... बमोजिम .......... साल .......... महिना .......... गतेमा दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

स्थानीय अधिकारीको सही :-
पूरा नाम :-
दर्जा :-
कार्यालय :-

**नवीकरण**

| नवीकरण गरेको मिति | दर्ताको प्रमाणपत्र वहाल रहने अवधि | नवीकरण दस्तुर | स्थानीय अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

आज्ञाले
नन्दलाल शर्मा
प्रमुख प्रशासकिय अधिकृत